# फूङलिङ नगरपालिका कार्यालय
# ताप्लेजुङ

**सेवा करारमा लिने सम्वन्धी सुचना**

**प्रथम पटक प्रकाशित मिति २०७५।०६।०२**

फुङलिङ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, ताप्लेजुङको लागि तपशिल वमोजिमका पदमा कर्मचारीहरु सेवा करारमा लिनु पर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही यस कार्यालयमा दरखास्त पेश गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ।

तपशिल

| क्र.सं. | विज्ञापन नं. | आवश्यक संख्या | पद | तह | आवश्यक न्यूनतम शैक्षिक योग्यता | आवेदन दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | ०१-०७५।७६ | १(एक) | सव ईन्जिनियर | रा.प.अनं. प्रथम (प्रा.) | मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल ईन्जिन्यरिङ विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण | १०००।० |

१. परिक्षाको किसिमः शैक्षिक योग्यता, कार्यानुभव, स्थानीयता र समावेशीताको आधारमा मापदण्ड वमोजिम छोटो सूची मध्येवाट मौखिक अन्तरवार्ता लिई छनौट गरिने छ।

२. उमेद्धवारको उमेर हदः दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ, तर महिला र अपाङ्गता भएमा उमेद्धवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

३. दरखास्त दिने स्थानः फुङलिङ नगर कार्यपालिकाको कार्यालय ताप्लेजुङ।

४. अन्तर्वार्ता हुने स्थानः फुङलिङ नगरपालिकाको कार्यालय, ताप्लेजुङ।

५. दरखास्त फारमः लोकसेवा आयोगले तोकेको ढाचाँमा हुनुपर्नेछ।

६. दरखास्त दिने अन्तिम मितिः २०७५।०६।१६ गते सम्ममा। सो दिन विदापरे सो को भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र।

७. तलव स्केल तथा सुविधाः नेपाल सरकारको प्रचलित नियमानुसार हुनेछ।

८. करार अवधिः शुरुमा ६ महिना सम्म, त्यस पछि आवश्यकता अनुसार थप गर्न सकिनेछ।

९. दरखास्त फारम पठाउने तरिकाः उमेद्धवार आफै उपस्थित भई वा ईमेल ठेगाना *info@taplejungmun.gov.np* मा ईमेल गरि पठाउन सकिने छ। दरखास्त साथ हालसालै खिचिएको पासपोर्ट साईजको २ प्रति फोटो, व्यक्तिगत विवरण(वायोडाटा), शैक्षिक योग्यता र अनुभवको प्रमाण-पत्र, नागरिकताको प्रमाण पत्र, समकक्षताको प्रमाण-पत्रको प्रतिलिपी र दरखास्त दस्तुर वुझाएको रसिद पेश गर्नु पर्नेछ।

१०. दरखास्त दस्तुर वुझाउने स्थानः फुङलिङ नगरपालिकाको कार्यालय ताप्लेजुङ वा यस कार्यालयको नेपाल वैक लिमिटेड ताप्लेजुङमा रहेको वैक खाता नम्वर ०६२०३००००००००४००१००१ मा जम्मा गर्न सकिनेछ।

११. थप जानकारीको लागि यस कार्यालयको प्रशासन शाखाको फोन नम्वर ०२४४६०११४ मा सम्पर्क गर्नुहोला।

प्रमुख प्रशासकीय अधिकृत
फूङलिङ नगरपालिका कार्यालय

प्रमुख प्रशासकीय अधिकृत